# कक्षा आठको हाम्रो नेपाली ०६१ र नेपाली २०७०
# को तुलनात्मक अध्ययन

त्रिलोचन उप्रेती

परीक्षा क्रमाङ्क : २०४०१५४/२०६६

त्रि.वि.दर्ता नं. ६-१-२०४-३८३-९९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको
नेपाली शिक्षा (५९८) पाठ्यांशको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

२०७१/२०१५

शिक्षाशास्त्र सङ्काय

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

# विषयसूची

शीर्षक | पृष्ठ नं.


## अध्याय एक : परिचय

१. पृष्ठभूमि १-२
१.२ समस्याकथन ३
१.३ अध्ययनका उद्देश्यहरु ४
१.४ अनुसन्धान, प्रश्न वा प्राक्कल्पना ४
१.५ अध्ययनको औचित्य/अध्ययनको महत्व ४
१.६ अध्ययनको सीमा ५
१.७ अध्ययनमा परेका पारिभाषिक शब्दको परिभाषा ६
१.८ अध्ययनको रूपरेखा ६

## अध्याय दुई : पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा

२.१ पूर्वकार्यको समीक्षा ७-१४
२.२ अध्ययनको उपादेयता १५-१६
२.३ सैद्धान्तिक वा अवधारणात्मक ढाँचा १६-१८
२.३.१ भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारहरु १८
२.३.२ विषय प्रवेश १८-२१
२.३.४ बाह्य तथा भौतिक पक्ष २१-२२
२.४ भाषापाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकमा फरक २२-२३

## अध्याय तिन : विधि तथा अध्ययनको प्रक्रिया

३.१ अध्ययनको ढाँचा २४
३.२ तथ्याङ्क सङ्कलनका स्रोत २४
३.३ तथ्याङ्क सङ्कलनका साधन २५
३.४ तथ्याङ्क संकलन विधि २६
३.५ तथ्याङ्क विश्लेषण विधि २६

## अध्याय चार : शोध अध्ययनको व्याख्या विश्लेषण एवम् प्रस्तुतीकरण

४.१ प्राप्ति २७

४.२ व्याख्या २७
४.३ आन्तरिक आधारमा हाम्रो नेपाली किताब (०६१) र नेपाली किताब (०७०) को तुलनात्मक विश्लेषण २७
४.३.१ विषयवस्तु २८-३०
४.३.२ विधा प्रस्तुति ३०
४.३.३ भाषिक संरचना/शैली र शब्दभण्डार ३१
४.३.४ नमुना अभ्यास ३२
४.३.५ चित्रहरु ३३
४.४ बाह्य आधारमा हाम्रो नेपाली पाठ्यपुस्तक (०६१) र नेपाली किताब (०७०) को तुलनात्मक विश्लेषण ३३
४.५ हाम्रो नेपाली पाठ्यपुस्तक (०६१) का सबल पक्षहरु ३३
४.६ नेपाली पाठ्यपुस्तक (०७०) का सबल पक्षहरु ३४
४.७ कक्षा आठको हाम्रो नेपाली किताब (०६१) का दुर्बल पक्षहरु ३५
४.८ कक्षा आठको नेपाली किताब (०७०) का दुर्बल पक्षहरु ३५
अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता
५.१ सारांश ३६
५.२ निष्कर्षहरु ३७
५.३ शैक्षिक प्रयोग ३८
५.४ नीति निर्माण तहलाई सुझाव ३८
५.५ व्यावहारिकतालाई सुझाव ३९
५.६ भावी अनुसन्धान तहलाई सुझाव ३९
सन्दर्भग्रन्थ सूची
परिशिष्ट

# प्रतिबद्धता पत्र

प्रस्तुत विषयमा 'कक्षा आठको हाम्रो नेपाली किताब (०६१) र नेपाली किताब (०७०) को तुलनात्मक अध्ययन' शीर्षकको शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका तथ्य सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।

शोधार्थी

त्रिलोचन उप्रेती

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..............................

# सिफारिस पत्र

त्रि.वि. शिक्षाशास्त्र सङ्काय कनकाई बहुमुखी क्याम्पस नेपाली भाषाशिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षका छात्र त्रिलोचन उप्रेतीले नेपाली विषय (नेपा. शि. ५९८) को पाठ्यांशको प्रयोजनका लागि 'कक्षा आठको हाम्रो नेपाली (०६१) र नेपाली (०७०) को तुलनात्मक अध्ययन' शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :- २०७२-१-२५

सन् : २०१५-५-८

उप. प्रा. विष्णुप्रसाद कोइराला
शोध निर्देशक
नेपाली शिक्षा विभाग
श्री कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले शिक्षाशास्त्र सङ्काय अर्न्तगत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको शोधपत्रको प्रयोजनका निम्ति तयार पारेको हुँ । प्रस्तुत शोधपत्रलाई यो स्वरूपमा ल्याउने क्रममा मैले मेरा श्रद्धेय गुरुहरुबाट स्नेहपूर्ण आशीवार्द तथा विभिन्न महनुभावहरुबाट सहयोग प्राप्त गरेको छु ।

शोधकार्य आफैँमा गहन र जटिल विषय हो । शोधकार्य पुरा गर्नका लागि कठोर परिश्रम तथा धैर्यको आवश्यकता पर्ने कुराको यथार्थ अनुभव यस अुनसन्धानका क्रममा भएको छ । नेपाली भाषा पाठ्यपुस्तकको शिक्षणको क्रममा देश भरका सार्वजनिक विद्यालयहरुमा प्रयोगमा ल्याइएका पाठ्यपुस्तकहरुको तुलनात्मक अध्ययन गर्ने कार्यको सुरुवात मात्र भएको परिस्थितिमा यस शोधकर्तालाई कठिनाइ महसुस हुँदा हुदै पनि आफू पनि त्यही विषयको शिक्षक भएको नाताले गहिरिएर अध्ययन गर्ने इच्छा जाग्यो । यसै सिलसिलामा 'कक्षा आठको हाम्रो नेपाली (०६१) र नेपाली किताब (०७०) को तुलनात्मक अध्ययन शीर्षक चयन गरी यो शोधपत्र तयार पारिएको हो । यस शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन तथा शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक सुझाब तथा प्रेरणा दिएर सुमार्गमा डोऱ्याउनु हुने शोधनिर्देशक श्रद्धेय गुरु श्री विष्णुप्रसाद कोइरालाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । समयमै शोध प्रस्ताव स्वीकृत गरी शोधकार्य थालनी गर्न सहयोग पुऱ्याउने नेपाली शिक्षा विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधकार्यमा आवश्यक सल्लाह सुझाब दिनुहुने मेरा आदरणीय गुरुहरु नेपाली भाषा विभागीय प्रमुख सह-प्रा. कोमलप्रसाद पोखरेल, सहायक प्राध्यापक श्री जीवननाथ सुवेदी र सहायक प्राध्यापक श्री शेरबहादुर बानियाँप्रति म कृतज्ञ छु । यो शोधपत्र तयार गर्न प्रेरित गर्ने सहपाठी मित्रहरु, खगेन्द्र, काजी, रेणुका, मित्र र नारायण धन्यवादका पात्र हुनुहुन्छ ।

विविध आर्थिक कठिनाइहरुसँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम खर्च गरेर मेरो अध्ययनलाई यस अवस्थामा पुऱ्याउनु हुने मेरा आदरणीय बुवा, देवीप्रसाद उप्रेती, आमा धनमाया उप्रेती र अध्ययनमा हौसला र समय प्रदान गर्ने मेरी श्रीमती अञ्जना ढकाल (उप्रेती) प्रति आजीवन ऋणी छु । साथै छपाइ कार्यमा सहयोग पुऱ्याउनु हुने एक्सिस हार्डवेयर एण्ड सफ्टवेयर कलेजका सञ्चालक श्री रमेश चौहानलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।



शोधकर्ता

त्रिलोचन उप्रेती

कनकाई बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

सुरुङ्गा, झापा

# शोधसार

शोधशीर्षक : हाम्रो नेपाली (०६१) र नेपाली किताब (०७०) को तुलनात्मक अध्ययन

शोधार्थी : त्रिलोचन उप्रेती

शोध निर्देशक : विष्णुप्रसाद कोइराला

विभाग/क्याम्पस : नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा

शैक्षिक वर्ष : २०६५/२०६६

पृष्ठ संख्या :

शोध प्रक्रिया :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्घ्य, कनकाई बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग अर्न्तगत एम.एड. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार गरिएको हो । यसमा भाषापाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण गर्दा अपनाइने सिद्धान्तका आधारमा पुरानो हाम्रो नेपाली (०६१) र नेपाली किताब (०७०) को तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ । यसमा आन्तरिक र बाह्य आधारमा दुबै पाठ्यपुस्तकहरुको गहन र सूक्ष्म अध्ययन गरी यिनीहरुमा रहेका सबल र दुर्बल पक्षहरु पत्ता लगाई निष्कर्ष र सुझाव दिनु नै यसको प्रमुख उद्देश्य रहेको छ। ग्रन्थ विश्लेषण विधि, पुस्तकालय विधि र तथा तुलनात्मक विधिको प्रयोग गरी यो शोधकार्यलाई अन्तिम रूप दिइएको छ । यसका साथै पाठ्यपुस्तकविद्, बुद्धिजीवी लेखक तथा सरोकारवालाहरु सँगको परामर्शलाई पनि यो शोधकार्यको आधार मानिएको छ ।

भाषा पाठ्यपुस्तक निर्माणका सिद्धान्त एवम् विश्लेषणका आधारमा गरिएको यस अनुसन्धानबाट कक्षा-८ को हाम्रो नेपाली किताब (०६१) का विषयवस्तुहरु र नेपाली किताब (०७०) का धेरै जसो विषयहरु बालबालिकाको रुचि अनुभव र वातावरणीय सेरोफेरोबाट लिइएको छ। दुईवटै भाषापाठ्यपुस्तकमा निम्नलिखित विषयवस्तुहरुमा समानता पाइन्छ।

१. दुईवटै भाषापाठ्यपुस्तकमा सुरुको विधामा कविता राखिएको साथै उक्त किताबका पाठका अधिकांश सरल संरचनाका वाक्यहरु रहेका पाइन्छन् ।

२. दुईवटै पुस्तकहरुमा प्रयोग भएका चित्रहरु श्यामश्वेत रङ्गका रहेका छन् ।

३. दुईवटै पुस्तकमा दुईवटा पाठहरु हामी हौं (एकाङ्की) र घर झगडा (कथा) एउटै छन् ।

४. दुईवटै भाषापाठ्यपुस्तकहरुको कक्षागत गीत, हाम्रो भनाइ (भूमिका) कागजको गुणस्तर, बँधाइ एउटै रूपमा पाइन्छ ।

५. अक्षर अङ्कको, शब्द-शब्दको, वाक्य-वाक्यको, अनुच्छेद र लेखन बीचको अन्तराल एउटै पाइन्छ ।

यी दुई पाठ्यपुस्तकहरुबीच फरक यसप्रकार छन् ।

१. दुईवटै पाठ्यपुस्तकहरुमा अभ्यासहरुमा समानता छैन । नेपाली किताब (०७०) मा हाम्रो नेपाली किताब (०६१) मा भन्दा बढी अभ्यासहरु छन् ।

२. विधागत पाठहरुको वितरणमा मेरो नेपाली किताब (०६१) मा भन्दा नेपाली किताब (०७०) मा कथा विधाका पाठहरु बढी छन् ।

३. विधागत पाठहरको रखाइक्रमलाई हेर्दा हाम्रो नेपाली किताब (०६१) मा भन्दा नेपाली किताब (०७०) मा मिलेको देखिन्छ ।

४. आवरण पृष्ठमा हाम्रो नेपाली (०६१) मा चित्र छैन भने नेपाली किताब (०७०) मा पाठभित्रको राम्रो चित्र आवरण पृष्ठमा राखी आकर्षक बनाइएको छ ।

समग्रमा यी दुई पाठ्यपुस्तकहरुबीच रहेका अन्तरहरुलाई राम्ररी केलाउन आन्तरिक र बाह्य आधारमा भाषा पाठ्यपुस्तकहरको तुलनात्मक अध्ययन विश्लेषण गरी चिरफार गर्न प्रयत्न समेत गरिएको छ ।

नेपाली भाषा पाठ्यपुस्तकलाई सबल र सक्षम आकर्षक, सबैको पहुचँ पुग्ने सस्तो र सुलभ तथा त्रुटिरहित बनाउन नेपाली भाषालाई अनिवार्य र राष्ट्रिय मान्यता सहित यसको विकास र विस्तार गरी उन्नतिमा लाग्न नीतिगत तह कर्यान्वयन तह र भावी अनुसन्धान तहलाई समेत यिनै सेरोफेरोमा रहेर आफूले अध्ययन विश्लेषणका क्रममा जानेका सुझावहरु दिइएको छ । आगामी दिनमा सम्भावित केही शीर्षकहरु दिएर त्यसमा पनि अनुसन्धान भए राम्रो हुने कुरा समेत यो शोध अध्ययनमा समावेश गरी अन्त्य गरिएको छ ।

# तालिका सूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| तालिका नं. १ | : भाषापाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकबीच फरक | १९ |
| तालिका नं. २ | : विधा, विधागत पाठ र सङ्ख्या | २९ |
| तालिका नं. ३ | : विधा, विधागत पाठ र सङ्ख्या | ३० |

# सङ्क्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रूप | | |
|---|---|---|
| ने.रा.शि.या.आ. | : | नेपाल राष्ट्रिय शिक्षा योजना आयोग |
| रा.शि.प.यो. | : | राष्ट्रिय शिक्षा पद्धतिको योजना |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र |
| ने.रा.प्र.प. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| आ.दी. | : | आचार्य दीक्षित |
| डा. | : | डाक्टर |
| पृ. | : | पृष्ठ |
| प्रा.डा. | : | प्राध्यापक डाक्टर |
| क्र.स. | : | क्रम सङ्ख्या |
| नेपा. शि. | : | नेपाली शिक्षा |
| ने.भा.शि.वि. | : | नेपाली भाषा शिक्षा विभाग |
| नं. | : | नम्बर |